# सुनिलस्मृतिगाउँपालिका
# गाउँकार्यपालिकाकोकार्यालय
## सुलिचौर, रोल्पा

लुम्बिनीप्रदेश, नेपाल

## "शहिद दिवस, २०८०" को शुभकामना सन्देश

नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना हुँदा सम्मका विभिन्न कालखण्डमा भएका सङ्घर्षमा आफ्नो अमूल्य जीवनको आहुति दिनुहुने आदरणीय अमर सहिदहरुप्रति सहिद दिवस, २०८० को अवसरमा भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु ।सम्पूर्ण बेपत्ता योद्धाहरूको उच्च सम्मानपूर्वक स्मरण गर्दछु । घाइते योद्धाहरूको शीघ्र स्वास्थ्यलाभसहित दीर्घजीवनको कामना गर्दछु ।

सहिद दिवस देशका लागि प्राण आहुति गर्ने महान् सहिदहरूको विशेष सम्झना गरिने दिन हो । नेपाली जनतालाई सार्वभौमसत्ता सम्पन्न नागरिक बनाउँदै स्वाधीन र स्वावलम्बी अर्थतन्त्रसहित सामाजिक तथा आर्थिक दृष्टिले एक विकसित राष्ट्र निर्माण गर्न आफ्नो जीवन बलिदान गर्ने वीर वीरङ्गानाहरूको सम्झना गर्दै हरेक वर्ष माघ १६ गते सहिद दिवसको रूपमा मनाइँदै आइएको छ ।

महान् सहिदहरूको बलिदानद्वारा प्राप्त भएको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्नेतर्फ अग्रसर हुनु नै सहिदप्रतिको सच्चा श्रद्धाञ्जली हुने विश्वास लिएको छु ।

लखन थापादेखि राणाकाल विरूद्धका चरणवद्ध आन्दोलन, २००७ सालको परिवर्तन, पहिलो र दोस्रो जनआन्दोलन, दश वर्षे जनयुद्ध, मधेश आन्दोलन लगायतका आन्दोलन, आफ्नो पहिचान र अधिकारका निम्ति विभिन्न वर्ग, जाति, क्षेत्र, लिंग र समुदायको नेतृत्वमा भएका न्यायपूर्ण आन्दोलनको बलमा नै वर्तमान संविधान र लोकतान्त्रिक व्यवस्था प्राप्त भएको हो । त्यसैले वर्तमानमा प्राप्त उपलब्धीहरूको रक्षा र सुदृढ गर्दै थप अधिकारका निम्ति समर्पित हुनु नै आजको सन्दर्भमा महान् शहिदहरूप्रति सच्चा श्रद्धाञ्जली हुनेछ ।

अन्त्यमा, सहिद दिवस, २०८० को अवसरमा वीर सहिदहरुप्रति उच्च सम्मान प्रकट गर्दै सुनिलस्मृति गाउँपालिकावासी लगायत सम्पूर्ण नेपाली आमावुवा, दाजुभाई तथा दिदीबहिनीहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

मिति : १६ माघ २०८०
नेपाल संवत् ११४४ पोहेंलागा पञ्चमी

(मणिराम वुढाथोकी)
अध्यक्ष

मणिराम बुढाथोकी
अध्यक्ष